## बैठक संख्या - १५

आज मिति २०७८ साल चैत्र महिनाको २३ गतेका दिन यस गढवा गाँउपालिकामा अध्यक्ष श्री यम नारायण शर्मा पोख्रेल ज्यू को अध्यक्षतामा गढवा गाँउकार्यपालिकाको बैठक बसी देहायको उपस्थितिमा देहाय बमोजिमको निर्णयहरू गरियो ।

उपस्थिती :-

| क्र.स. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री यम नारायण शर्मा पोख्रेल | |
| २ | (उपाध्यक्ष) सदस्य | श्री शारदा कुमारी चौधरी | |
| ३ | वडाध्यक्ष, सदस्य | श्री भक्तु चौधरी | |
| ४ | वडाध्यक्ष | श्री तुलसीराम अधिकारी | |
| ५ | वडाध्यक्ष | श्री बिर बहादुर आले मगर | |
| ६ | वडाध्यक्ष | श्री लेख बहादुर थापा | |
| ७ | वडाध्यक्ष | श्री राहुलदेव चौधरी | |
| ८ | वडाध्यक्ष | श्री हरि भगत चौधरी | |
| ९ | वडाध्यक्ष | श्री बाबुराम अधिकारी | |
| १० | वडाध्यक्ष | श्री अब्दुल खालिक सिद्दिकी | |
| ११ | सदस्य | श्री हेमन्ती कुमारी कुमाल | |
| १२ | सदस्य | श्री मिना पुन | |
| १३ | सदस्य | श्री मान बहादुर नेपाली | |
| १४ | सदस्य | श्री सूर्य बहादुर नेपाली | |
| १५ | सदस्य | श्री चन्द्रा के.सी. | |
| १६ | सदस्य | श्री रमा भण्डारी | |
| १७ | सचिब | श्री आशिष चौधरी | |

आमन्त्रित :- श्री आशाराम चौधरी, लेखा समिति संयोजक

सहयोगी :-

श्री शम्भुराज आचार्य, अधिकृतस्तर सातौं, लेखा

श्री पुनाराम शर्मा, अधिकृत छैठौं, सा.प्र.

CamScanner

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

# बैठक संख्या : १५

मिति २०७९/१२/२३ गतेको गाउँकार्यपालिका बैठकका प्रस्तावहरू

१. अघिल्ला गाउँकार्यपालिकाका बैठकमा भएगरेका निर्णयहरू र सो को कार्यान्वयन पक्ष सम्बन्धमा ।

२. अनुगमन समिति संयोजक गाउँपालिका उपाध्यक्षले पेश गर्नुभएको अनुगमन प्रतिवेदन सम्बन्धमा ।

३. आगामी आ.व. २०८०।०८१ का लागि प्रदेश समपुरक अनुदानका आयोजना तथा कार्यक्रम छनौट गरि लुम्बिनी प्रदेश सरकारसँग माग गर्ने सम्बन्धमा ।

४. गढवा गाउँपालिकाको लेखा समितिको प्रतिवेदन पेश तथा सो उपर छलफल सम्बन्धमा ।

५. चालु आ.व. मा विनियोजित सिचाई सम्बन्धी सिचाई कुलो मर्मत शीर्षकमा विनियोजित रू १० लाख रूपैयाको कार्यक्रम छनौट सम्बन्धमा ।

६. गढवा गाउँपालिका अर्न्तगत दर्ता हुने व्यवसाय सन्दर्भमा व्यवसाय दर्ता गर्दा जग्गा धनि पूर्जाको प्रमाणपत्रको प्रतिलिपी आवश्यक पर्नेमा ओईलानी तथा बन क्षेत्र, सडक छेउका अस्थायी तथा स्थायी संरचनामा व्यवसाय दर्ताको प्रमाणपत्र उपलब्ध गराउने सम्बन्धमा ।

७. आगामी गाउँसभाको १२ औ अधिबेशनमा पेश गर्ने प्रस्तावहरू सम्बन्धमा ।

    १. वडागत तथा पालिकास्तरिय र विषयगत शाखाको योजना तथा कार्यक्रम संशोधन सम्बन्धमा ।

    २. गढवा गाउँपालिकाको हाल सम्मको अनियमित भएको र नियमित गर्नुपर्ने तथा सैद्धान्तिक बेरूजु फर्छौट सम्बन्धमा ।

८. गाउँसभाको १२ औ अधिबेशन संचालनका दिन सेवा प्रबाह विदा दिने सम्बन्धमा ।

९. भूमि सम्बन्धी नापी कार्यमा तिव्रता दिन नापी सहजिकरण गर्ने उद्देश्यले नापी सहजकर्ता जिम्मेवारी र सो को प्रोत्साहन सम्बन्धमा ।

१०. यस गाउँपालिका अर्न्तगतका स्वास्थ्य संस्थाहरूमा रित्त रहेका ३ जना अनमि, १ जना अहेव २ जना एम.बि.बि.एस डाक्टर र १ जना सर्पदंश उपचार केन्द्रमा का.स. सेवा करारमा पदपुर्ति गर्ने सम्बन्धमा ।

प्रमुख प्रशासकीय अधिकृत

CS CamScanner

गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

११. सार्वजनिक साझा सरोकारको विषयमा छिमेकी पालिकाहरूसँग अन्तर्पालिका समन्वय बैठकको आयोजना सम्बन्धमा ।
१२. मेड्पा कार्यक्रम अन्तर्गत टायल लगाउने तालिमका लागि अपुग हुने रू १,२०,००० रूपैया युवा लक्षित प्रविधि हस्तान्तरण कार्यक्रमबाट व्ययभार पर्नेगरि संचालन गर्ने सम्बन्धमा ।
१३. चालु आ.व को मिति २०७९/१२/२२ गतेसम्म भएगरेको खर्चको समिक्षा सम्बन्धमा ।
१४. भुक्तानी चेकलिस्ट संशोधन सम्बन्धमा ।
१५. सुरक्षित आवास गृह निर्माणका लागि स्थान छनौट सम्बन्धमा ।
१६. भूमि सम्बन्धी १ जना कार्यक्रम संयोजक सेवा करारमा भर्ना गर्ने सम्बन्धमा ।
१७. सशस्त्र प्रहरी भालुबाङ्गले पेश गरेको विभिन्न सामाग्रीको बिल बमोजिमको भुक्तानी सम्बन्धमा ।
१८. १ नम्बर वडा कार्यालयको छत हावा हुरीले उडाई क्षति भएकोमा सो को मर्मत सम्भार गरेको खर्चको भुक्तानी सम्बन्धमा ।
१९. २ नम्बर वडामा बाटो बिस्तारको बेला बाटोमा पर्ने केही थान रूख कटान गरेको खर्चको भुक्तानी सम्बन्धमा ।
२०. नयाँ बाटो निर्माणको क्रममा तथा कोईलाबास रोडमा पहिरो पन्छाउने तथा नाला सरसफाई गर्दा निस्कने ढुङ्गाको व्यवस्थापनका लागि जिल्ला विपद व्यवस्थापन समितिलाई पत्राचार गर्ने सम्बन्धमा ।
२१. विविध विषय सम्बन्धमा ।

## निर्णयहरू

**प्रस्ताव नम्बर १.** अघिल्ला गाउँकार्यपालिकाका बैठकमा भएगरेका निर्णयहरू र सोको कार्यान्वयन पक्ष सम्बन्धमा ।

**निर्णय नम्बर १ :** यस गढवा गाउँपालिकाको मिति २०७९/१२/१२ गते बसेको गाउँकार्यपालिकाको बैठकमा भएका सम्पूर्ण निर्णयहरू र ती निर्णयहरूको सफल कार्यान्वयनको क्रममा आएका समस्या, चुनौती तथा उपलब्धी सम्बन्धमा छलफल सहित समिक्षा गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

CamScanner

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

**प्रस्ताव नम्बर २. अनुगमन समिति संयोजक गाउँपालिका उपाध्यक्षले पेश गर्नुभएको अनुगमन प्रतिवेदन सम्बन्धमा ।**

**निर्णय नम्बर २ :** यस गढवा गाउँपालिकाको अनुगमन समिति संयोजक श्री शारदा कुमारी चौधरीले चालु आ.व. २०७९/०८० मा विनियोजित योजना तथा कार्यक्रमको कार्यान्वयन चरणमा तथा सम्पन्न भएपश्चात गरिएका सम्पूर्ण अनुगमनको मासिक प्रतिवेदन पेश गर्नुभएकोमा सो सम्बन्धमा प्रतिवेदनमा औल्याईएका विविध पक्षहरूको बारेमा व्यापक छलफल तथा समिक्षा गरि उक्त पेश भएको मासिक अनुगमन प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो ।

**प्रस्ताव नम्बर ३. आगामी आ.व. २०८०।०८१ का लागि प्रदेश समपुरक अनुदानका आयोजना तथा कार्यक्रम प्रस्ताव सम्बन्धमा ।**

**निर्णय नम्बर ३ :** लुम्बिनी प्रदेश सरकार अर्थिक मामिला मन्त्रालयको च.नं. ७१०, मिति २०७९।१२।०८ गतेको प्राप्त पत्र अनुसार यस गढवा गाउँपालिकाको तर्फबाट आ.व. २०८०/०८१ का लागि समपुरक अनुदानका आयोजना तथा कार्यक्रमहरू चैत्र मसान्त सम्म प्रदेश सरकार समक्ष पठाईसक्नु पर्ने व्यवस्था अनुसार वडा कार्यालयहरूले छनौट गरि पेश गरेका तपशिल बमोजिमका प्रदेश समपुरक योजना प्रदेश सरकारसँग माग गर्ने निर्णय गरियो ।

तपशिल :

| क्र.सं. | योजनाको नाम | वडा नम्बर | प्रदेश सरकारबाट | स्थानीय तहको तर्फबाट रू.मा | अनुमानित कुल लागत रू. मा | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | धैरेनी दामोदर सडकदेखि खानेपानी हुँदै पृथ्वी सहकारी सम्म (रिङ्गरोड कालोपत्रे) | ३ | ५० लाख | ५० लाख १ | १ करोड १ | |
| २ | चन्दनपुर, भोजपुर, लक्षिणपुर, विजयपुर पक्कि सडक निर्माण | ७ | ५० लाख | ५० लाख १ | १ करोड १ | |
| ३ | दक्षिण हाईवे देखि उत्तर दामोदर सडकसम्म नाली सहित कालोपत्रे सडक निर्माण | १ | ५० लाख | ५० लाख १ | १ करोड १ | |
| ४ | वडा नम्बर ४ को भालुदोन्द्रे खोलादेखि कटीयानगाउँ मन्दिरसम्म कालोपत्रे | ४ | ५० लाख | ५० लाख १ | १ करोड १ | |
| ५ | लालपुर देखि लोखरपुर हुँदै धर्मपुर जोड्ने बाटो कालोपत्रे निरन्तरता | ५ | ५० लाख | ५० लाख १ | १ करोड १ | |
| ६ | महदेवा चिर्मचिमे बाटो कालोपत्रे | २ | ५० लाख | ५० लाख १ | १ करोड १ | |
| ७ | गढवामा अधुरो कभर्ड हल निर्माण | ६ | ५० लाख | ५० लाख १ | १ करोड १ | |

प्रमुख प्रशासकीय अधिकृत

**प्रस्ताव नम्बर ४. : गढवा गाउँपालिकाको लेखा समितिको प्रतिवेदन पेश तथा सो उपर छलफल सम्बन्धमा ।**

**निर्णय नम्बर ४ :** यस गढवा गाउँपालिका, गाउँसभाका लेखा समितिको प्रतिवेदन लेखा समिति संयोजक श्री आशाराम चौधरीले पेश गर्नुभएकोमा सो सम्बन्धमा आवश्यक छलफल गरियो ।

**प्रस्ताव नम्बर ५. : चालु आ.व. मा विनियोजित सिचाई सम्बन्धी सिचाई कुलो मर्मत शीर्षकमा विनियोजित रू १० लाख रूपैयाको कार्यक्रम छनौट सम्बन्धमा ।**

**निर्णय नम्बर ५ :** गढवा गाउँपालिकाको चालु आ.व. २०७९/०८० का लागि विनियोजित योजना तथा कार्यक्रम अर्न्तगत गाउँपालिकास्तरिय कार्यक्रमको शीर्षक नम्बर ८९ मा रहेको सिचाई कुलोहरूको मर्मत सुधार शीर्षकमा रू १० लाख बजेट विनियोजन गरिएकोमा सो बजेटबाट तपशिल बमोजिमका योजनाहरू कार्यान्वियन गर्ने निर्णय गरियो ।

तपशिल :

१. दंगाली छाप कुलो मर्मत : रू ५ लाख

२. वडा नम्बर ८, खबरी नाका कुलो मर्मत : रू ५ लाख

**प्रस्ताव नम्बर ६. : गढवा गाउँपालिका अर्न्तगत दर्ता हुने व्यवसायहरूको दर्ता गर्दा जग्गा धनि पूर्जाको प्रमाणपत्रको प्रतिलिपी आवश्यक पर्नेमा ओईलानी तथा बन क्षेत्र सडक छेउका अस्थायी तथा स्थायी संरचनामा व्यवसाय दर्ताको प्रमाणपत्र उपलब्ध गराउने सम्बन्धमा ।**

**निर्णय नम्बर ६ :** यस गढवा गाउँपालिका अर्न्तगत संचालित तथा संचालन हुने व्यवसायहरूमा ओईलानी तथा बन क्षेत्र सडक छेउका अस्थायी तथा स्थायी संरचनामा व्यवसाय गर्नेगरि व्यवसाय दर्ता गर्न आउने नागरिकहरूका लागि निजहरूलाई व्यवसाय दर्ताका लागि आवश्यक पर्ने सम्पूर्ण कागजात तथा प्रक्रिया पुर्याएको तर जग्गा धनि प्रमाण पुर्जा नभएको खण्डमा निजहरूलाई अस्थाई व्यवसाय दर्ताको प्रमाणपत्र उपलब्ध गराउने निर्णय गरियो ।

**प्रस्ताव नम्बर ७ : आगामी गाउँसभाको १२ औ अधिबेशनमा पेश गर्ने प्रस्तावहरू सम्बन्धमा ।**

**निर्णय नम्बर ७ :** यस गढवा गाउँपालिका, गाउँसभाको १२ औ अधिवेशन यही चैत्र महिनाको २४ गते आयोजना गरिएकोमा उक्त अधिबेशनमा तपशिल बमोजिमका प्रस्तावहरू पेश गर्ने निर्णय गरियो ।

तपशिल :

१. वडागत तथा पालिकास्तरिय र विषयगत शाखाको योजना तथा कार्यक्रम संशोधन सम्बन्धमा देहायबमोजिम हुनेगरि गाउँसभाको १२ औ अधिवेशनमा संशोधन प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

गढवा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय गढवा, दाङ लुम्बिनी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

| वडा/ शाखा | क्र.स. | गाउँसभाबाट पारित भएका योजनाहरू | शिर्षक नम्बर | विनियोजित रकम | क्र.सं. | संशोधन भएका नयाँ योजनाहरू | विनियोजित रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | १ | कालाकाटेमा अस्थायी प्रहरी विट निर्माण | १३६ पा. | ५,००,०००।- | १ | वडा कार्यालय जाने बाटो निर्माण | १०,००,०००।- | |
| | २ | कालाकाटेमा फोहोरमैला व्यवस्थापन | १३८ पा. | ५,००,०००।- | २ | जेठानगाउँ भल्भ विस्तार | २,००,०००।- | |
| | ३ | वडा कप खेलकुद | ८ | १,००,०००।- | ३ | वडहरा कुलो निर्माण | १,००,०००।- | |
| | ४ | विद्यालयहरूमा खानेपानी | २९ | ५,००,०००।- | ४ | बाईक स्ट्याण्ड निर्माण, वडा कार्यालय | २,००,०००।- | |
| | | | | | ५ | वनयुम्री विद्यालयमा खानेपानी व्यवस्थापन | १,००,०००।- | |
| | ५ | धानखोला कृषि सहकारी भवन निर्माण | १४ | ५,००,०००।- | ६ | वनयुम्री महिला भवन मर्मत तथा निर्माण | ५,००,०००।- | |
| २ | १ | सालभौरीमा अस्थाई प्रहरी विट निर्माण | १४३ पा. | १,००,०००।- | १ | डिप वोरिङ्ग भल्भ निर्माण गौरी टोल | १,००,०००।- | |
| | २ | कोठरी चोक कल्भर्ट निर्माण | २४ | ३,००,०००।- | २ | कोठरी चोक अधुरो पक्कि नाली निर्माण | ३,००,०००।- | |
| | ३ | घुम्रा बाटो स्तरोन्नती वडा नम्बर २ | ११२ पा. | ६,००,०००।- | ३ | घुम्रा पक्कि नाली निर्माण वडा नम्बर २ | ६,००,०००।- | |
| ३ | १ | चर्च भवनको कार्पेट खरिद | ४ | ५०,०००।- | १ | चर्च भवन मर्मत वडा नम्बर ३ | ५०,०००।- | |
| | २ | विपद तथा आकस्मिक खर्च | | ३,५०,०००।- | २ | गोबरडिहाको नयाँ ट्रयाकमा बाटो ग्राभेल तथा कल्भर्ट निर्माण | ३,५०,०००।- | |
| ४ | १ | विविध योजना | ४९ | १,५०,०००।- | १ | वडा नम्बर ४ का खेलाडीहरूलाई खेलकुद ड्रेस वितरण | २,००,०००।- | |
| | २ | ह्विल चियर | १२ | ५०,०००।- | | | | |
| | ३ | गंगापरस्पुर खानेपानी तथा सरसफाई उपभोक्ता समिति स्किम नं. १ को विद्युतको विल भुक्तानी | ४२ | ३,००,०००।- | २ | खानेपानी व्यवस्थापनका लागि विपन्न घर परिवारलाई खानेपानी मिटर खरिद | ३,००,०००।- | |
| | ४ | ४ नम्बर वडा कार्यालय रङ्गरोगन | ५१ | २,००,०००।- | ३ | वडा कार्यालय परिसरमा रहेको जनजाती भवन निर्माण | २,००,०००।- | |
| | ५ | मंग्रे घरदेखि भालुदोन्द्रे खोलासम्म पक्कि नाली निर्माण वडा नम्बर ४ | ३२ | ६,००,०००।- | ४ | यमराज नेपालीको घरदेखि पूर्वतर्फ अजगढवा घुसुकपुरूवा, स्कुल जग्गा हुँदै भगौती यादवको घरसम्म नयाँ ट्रयाक निर्माण | ६,००,०००।- | |
| ६ | १ | बाल दिवश कार्यक्रम संचालन | ४ | ३०,०००।- | १ | बालापुर मन्दिर अगाडी पक्कि नाली र धारा | ५०,०००।- | |

प्रमुख प्रशासकीय अधिकृत

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | जडान तथा थान देउखरी मरूवायानको नाली निर्माण | |
| २ | आदिवासी जनजाती तथा माघि मिलन कार्यक्रम | ५ | ५०,०००।- | २ | वडा कार्यालयमा कोठा व्यवस्थापन, क्यान्टिन तथा पार्क निर्माण | ४,००,०००।- |
| ३ | एक घर एक व्यक्ति बिमा कार्यक्रम संचालन | २२ | २,७०,०००।- | ३. | आँटीपाकर शिविरमा सामुहिक खानेपानी धारा वा रिङ्गकुवा निर्माण | १,००,०००।- |
| ४ | तल्लो मदपुर देखि धर्मेन्द्र टोलसम्म बाटो ग्राभेल | ४२ | ३,३०,०००।- | ४ | विद्यालयमा विद्यार्थीहरूका लागि मुटु शिविर संचालन | १,००,०००।- |
| ५ | गहिरा कुलाको पानी निकास निर्माण | ५२ | ४,००,०००।- | ५ | बालापुर मक्नहवा कुलोमा टिपुर घर अगाडी वाल निर्माण | २,३०,०००।- |
| ६ | बालापुर शिब मन्दिरमा बाजा खरिद र खानेपानी पाईप जडान | ६१ | ५०,०००।- | ६ | भाली गहिरा कुलोको पक्कि नाली निरन्तरता | ३,००,०००।- |
| ७ | महिला स्वास्थ्य स्वयम सेबिकालाई प्रोत्साहन तथा स्वास्थ्य चौकी संचार तथा अन्य खर्च | ९ | १,५०,०००।- | ७ | मनिकापुर खानेपानी पाईप मर्मत तथा सिचाई मिटर जडान | १,२५,०००।- |
| ८ | औरिया निर्माण कुमाल टोल | | २,००,०००।- | ८ | गढवा स्वास्थ्य चौकीमा संचार तथा स्टाफ रूम व्यवस्थापन | ५०,०००।- |
| ९ | रिङ्गकुवा निर्माण २ थान, गौरिगाउँ र कोलडाँडा | | १,००,०००।- | ९ | मयुर नाचका लागि आवश्यक पर्ने ड्रेस तथा सामाग्री खरिद | २५,०००।- |
| | | | | १० | औरिया निर्माण कुमाल टोल | १,५०,०००।- |
| | | | | ११ | रिङ्गकुवा निर्माण १ थान, गौरिगाउँ | ५०,०००।- |
| १० | धारा जडान संचार सवारी मर्मत तथा डस्टविन स्ट्याण्ड मर्मत वडा नं. ६ | १३ | १,१०,०००।- | १२ | ह्याण्ड पम्प जडान संचार सवारी मर्मत वडा नं. ६ | ९२,०००।- |
| | | | | १३ | अतिथी सत्कार | १८०००।- |
| १ | मानपुर माहडीहवामा पक्कि बाँध निर्माण | ४० | १,००,०००।- | १ | मानपुरमा मडुवा निर्माण | १,००,०००।- |
| २ | मनोज रावतको घरदेखि ललितको घरसम्म बाटो ग्राभेल | १७ | १,००,०००।- | २ | लक्ष्मीपुरमा बाटो ग्राभेल | १,००,०००।- |
| ३ | गढवा ७ चन्दनपुरमा अधुरो नाला | १४५ | २,००,०००।- | ३ | सेमरी गाउँमा बोरिङ्ग राख्ने घर निर्माण | २,००,०००।- |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | निर्माण | गा.पा. | | | | | |
| | ४ | चन्दनपुर महिला भवन जाने बाटोमा कल्भर्ट तथा होमपाईप | | २,००,०००/- | ४ | चन्दनपुर प्रदेशीको घरनेर ह्युमपाईप कल्भर्ट निर्माण | २,००,०००/- | |
| ८ | १ | मदर्सा प्रा.वि. फर्निचर मर्मत तथा जुट कार्पेट खरिद | ८ | १,५०,०००/- | १ | काली मन्दिर कुलो सरसफाई तथा वाल निर्माण | १,५०,०००/- | |
| | २ | माथिल्लो टोल सिढि निर्माण | १४ | १,५०,०००/- | २ | कोईलाबास खोला माटो फिलिङ्ग | १,५०,०००/- | |
| | ३ | मुसी नाकामा अस्थायी प्रहरी बिट निर्माण अनुदान | १०० गा.पा. | २,००,०००/- | ३ | मुसि नाकामा प्रहरी भवन निर्माण | २,००,०००/- | |
| स्वास्थ्य शाखा | १ | ६० वर्ष पुरा भएका महिला सामुदायिक स्वास्थ्य स्वय सेविकाहरूलाई सम्मान विदाई कार्यक्रम | १ | ३,६०,०००/- | १ | ६० वर्ष पुरा भएका महिला सामुदायिक स्वास्थ्य स्वय सेविकाहरूलाई सम्मान विदाई कार्यक्रम | १६,००,०००/- | |
| | २ | आधारभूत स्वास्थ्य केन्द्र चन्दनपुर पर्सेनी गोबरडिहा र स्वा.ई. कालाकाटे चिमचिमेको लागि मसलन्द खर्च | ८ | १,४४,०००/- | २ | सिकलसेल तथा थाल्सीमिया रोग सम्बन्धी कार्यक्रम संचालन | २,९८,०००/- | |
| | ३ | मसलन्द तथा कार्यालय सामाग्री ( आधारभूत स्वास्थ्य ईकाईहरूको लागि ) | ७ | १,४४,०००/- | | | | |
| | ४ | स्वास्थ्य कर्मचारीहरूलाई डि.एच.आई. एस २ ई.एल. एम. आई.एस. तालिम संचालन | १४ | २,००,०००/- | | | | |
| | ५ | सुनौलो १००० दिनको महिला पोषण कार्यक्रम | १३ | ३,००,०००/- | | | | |
| | ६ | वडा कार्यालयका कोभिड १९ पूर्ण खोप घोषणा गर्ने कार्यक्रम | १७ | २,००,०००/- | | | | |
| | ७ | गाउँपालिका अर्न्तगतका स्वास्थ्य संस्थाहरूमा औषधी ढुवानी | २२ | १,००,०००/- | | | | |
| | ८ | सिकलसेल तथा थाल्सीमिया रोग सम्बन्धी कार्यक्रम संचालन | १८ | ४,५०,०००/- | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| पशु विकास | १ | कृतिम गर्भाधानका लागि तरल नाईट्रोजन तथा सिमेन खरिद र ढुवानी | २२ | ३,००,०००।- | १ | कुकुरको ट्रेविज निर्माण | ५०,०००।- | |
| | | | | | २ | सुडान तथा टियोसेन्टी घाँसको विउ निशुल्क वितरण | २,५०,०००।- | |
| | २ | पशु सेवा शाखा कार्यक्रम अनुगमन भ्रमण बैठक भत्ता तथा खाजा खर्च | १ | १,५०,०००।- | ३ | पशु सेवा शाखा कार्यक्रम अनुगमन भ्रमण बैठक भत्ता तथा खाजा खर्च | ५०,०००।- | |
| | | | | | ४ | गौशालामा पराल खरिद | १,००,०००।- | |
| म.वि.बा | १ | महिला विकास कार्यक्रम वडा नम्बर १ | ४० | १,५०,०००।- | १ | क्रिस्टल तथा चुरा पोते बनाउने तालिम वडा नम्बर १ | ३,००,०००।- | |
| | २ | जाल र पेरूङ्गो सम्बन्धी कार्यक्रम ( कुमाल समुदाय) | २ | १,५०,०००।- | | | | |
| | ३ | अपाङ्गगता तर्फ : अपाङ्गता परिचय पत्र वितरण, शिविर संचालन | २५ | २,००,०००।- | २ | अपाङ्गगता तर्फ : अपाङ्गता परिचय पत्र वितरण, शिविर संचालन | १,००,०००।- | |
| | | | | | ३ | अपाङ्गता भएका व्यक्तिहरूलाई सहायक सामाग्री वितरणमा थप रकम | १,००,०००।- | |
| | ४ | महिला तर्फ : सेफ हाउस संचालन कार्यक्रम संघसस्थाको सहकार्यमा | २६ | १,५०,०००।- | ४ | हिंसा प्रभावित महिला तथा किशोरीहरूका लागि सुरक्षित आश्रयस्थल/भवन निर्माण | ११,५०,०००।- | |
| | ५ | हिंसा प्रभावित महिला तथा किशोरीहरूका लागि सुरक्षित आश्रयस्थल/भवन निर्माण | ४२ | १०,००,०००।- | | | | |
| शिक्षा | १ | विद्यालय अनुगमन भ्रमण | १ | ३,००,०००।- | १ | विद्यालय अनुगमन भ्रमण | १,८०,०००।- | |
| | २ | क्षमता विकास, अन्तरक्रिया, सम्मेलन र गोष्ठी संचालन | | ७०,५०० | २ | क्षमता विकास, अन्तरक्रिया, सम्मेलन र गोष्ठी संचालन | १,९०,५००।- | |
| | ३ | विद्यालयहरूलाई शिक्षण सहयोग अनुदान | | १,००,००,०००।- | ३ | विद्यालयहरूलाई शिक्षण सहयोग अनुदान | ९७,००,०००।- | |
| | | | | | ४ | शिक्षक डायरी छपाई | ३,००,०००।- | |
| | ४ | विद्यालयहरूलाई शिक्षण सहयोग अनुदान | | ४०,००,०००।- | ५ | विद्यालयहरूलाई शिक्षण सहयोग अनुदान | २७,००,०००।- | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | ६ | युवा तथा खेलकुद : गाउँपालिका स्तरिय खेलकुद कार्यक्रम | ३,००,०००।- | |
| | | | | | ७ | शैक्षिक गुणस्तर सुधारका लागि विविध कार्यक्रम | १०,००,०००।- | |
| न्यायिक | १ | मेलमिलाप केन्द्रमा मेलमिलाप कर्ताहरूलाई पारिश्रमिक तथा चिया खर्च | ६ | १,००,०००।- | १ | न्यायिक समितिका पदाधिकारी, कर्मचारीहरूले अन्य जिल्लाका न्यायिक समितिको काम कारबाहीको अनुगमन | १,००,०००।- | |
| | २ | न्यायिक समितिको लागि फिल्ड अनुगमनका लागि यातायात खर्च | १०० | ५०,०००।- | २ | न्यायिक घुम्ति सेवा संचालन विकट बस्तीहरूमा सालभौरी | ५०,०००।- | |
| | ३ | न्यायिक समितिको लागि ईजलास व्यवस्थापन खर्च | | ४०,०००।- | ३ | त्यायिक समितिमा आधारभूत ४८ घण्टे तालिममा अपुग रकम थप | ४०,०००।- | |
| कृषि | १ | साना सिचाई निर्माण तथा मर्मत संभार कार्यक्रम ८५ प्रतिशत अनुदान | २६ | ८,००,०००।- | १ | साना सिचाई निर्माण तथा मर्मत संभार कार्यक्रम ८५ प्रतिशत अनुदान | १०,००,०००।- | |
| | २ | साना सिचाई तथा मर्मत सम्भार कार्यक्रम ३ खुट्टे : ८५ प्रतिशत अनुदान | २५ | ५,६०,०००।- | २ | साना सिचाई तथा मर्मत सम्भार कार्यक्रम ३ खुट्टे : ८५ प्रतिशत अनुदान | ३,६०,०००।- | |
| पालिका | १ | कर्मचारी पारिश्रमिक | | ५०,००,०००।- | १ | सेवा निवृत्त सुबिधा | २०,००,०००।- | |
| | २ | करार सेवा सुबिधा | | २०,००,०००।- | २ | विपद व्यवस्थापन कोषमा थप रकम | ४०,००,०००।- | |
| | ३ | महँगी भत्ता | | ४,००,०००।- | ३ | राष्ट्रिय परिचयपत्र विवरण संकलनको खर्च | ५,००,०००।- | |
| | ४ | विमा तथा नविकरण खर्च | | २,००,०००।- | ४ | सवारी साधन मर्मत | ३,००,०००।- | |
| | ५ | क्षमता विकास कार्यक्रम | | २,५०,०००।- | ५ | पानी तथा बिजुली | २,५०,००० | |
| | | | | | ६ | सवारी साधन मोटरसाईकल खरिदको भुक्तानी (योजना शाखा) | ३,००,०००।- | |
| | | | | | ७ | अन्य कार्यालय संचालन खर्च (रेनकोट तथा झोला खरिद ) | ५,००,०००।- | |

२. गढवा गाउँपालिकाको हाल सम्मको अनियमित भएको र नियमित गर्नुपर्ने तथा सैद्धान्तिक बेरूजु फर्छौट सम्बन्धमा गाउँसभाको आउँदो १२ औं अधिवेशनमा प्रस्तावको रूपमा पेश गर्ने निर्णय गरियो ।

**प्रस्ताव नम्बर ८. : गढवा गाउँपालिकाको गाउँसभाको १२ औ अधिबेशन संचालनका दिन सेवा प्रबाह विदा दिने सम्बन्धमा ।**

**निर्णय नम्बर ८ :** यस गढवा गाउँपालिका, गाउँसभाको १२ औ अधिवेशन यही मिति २०७९/१२/२४ गतेदेखि सुरू हुन गईरहेकोले उक्त अधिवेशनको आवश्यक तयारी तथा संचालनमा सम्पूर्ण जनप्रतिनिधिहरू तथा कर्मचारीहरू व्यस्त हुने भएकोले गढवा गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयबाट मिति २०७९/१२/२४ गतेका दिन मात्र नियमित सेवा प्रबाह (अत्यावश्यक सेवा बाहेक) बन्द गर्ने निर्णय गरियो ।

**प्रस्ताव नम्बर ९. : भूमि सम्बन्धी नापी कार्यमा तिब्रता दिन नापी सहजिकरण गर्ने उद्देश्यले कार्यक्रम संयोजक र नापी सहजकर्ता जिम्मेवारी र सो को प्रोत्साहन सम्बन्धमा ।**

**निर्णय नम्बर ९ :** यस गढवा गाउँपालिकामा संचालित राष्ट्रिय भूमि आयोगको कार्यक्रम अर्न्तगत भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लगत संकलन पश्चात जग्गा नापजाँच कार्यलाई तिव्रता दिनका लागि यस गढवा गाउँपालिकाका कार्यरत अमिन श्री नारायण सुबेदीलाई नापी सहजकर्ताको जिम्मेवारी प्रदान गर्ने साथै समग्र भूमि सम्बन्धी कामकाजको संयोजन कार्यका लागि यस गाउँपालिकाका कार्यरत सूचना प्रविधि अधिकृत श्री संजित पौडेललाई यथावत कायम गर्ने र निजहरूले उक्त कार्य निजहरूको पूर्ववत जिम्मेवारीका साथसाथै कार्य कार्यालय समय भन्दा अगाडी वा पछाडी समेत थप समय कार्य गर्नुपर्ने भएकोले उक्त कार्यबोझलाई मध्येनजर गरि निजहरूलाई जनही ६,०००।- (अक्षेरेपी छ हजार रूपैया मात्र।) मासिक रूपमा प्रोत्साहन स्वरूप उपलब्ध गराउने निर्णय गरियो ।

**प्रस्ताव नम्बर १०. : गढवा गाउँपालिका अर्न्तगतका स्वास्थ्य संस्थाहरूमा सेवा करारमा पदपुर्ति गर्ने सम्बन्धमा ।**

**निर्णय नम्बर १० :** यस गढवा गाउँपालिका अर्न्तगतका स्वास्थ्य संस्थाहरूमा कामकाज गर्न र सेवा प्रवाहलाई नियमित रूपमा बिना रूकावट संचालन गर्नका लागि अभाव देखिएका स्थानहरूमा तथा केही कर्मचारीहरूले राजिनामा दिदा रिक्त भएका स्थानहरूमा कर्मचारीहरू सेवा करारमा पदपूर्ति गर्नका लागि यस गढवा गाउँकार्यपालिकाको बैठकको मिति २०७९/०९/०३ गतेको निर्णय नम्बर ८ बमोजिम १० जना अ.हे.ब. पदमा र ३ जना का.स. पदमा विज्ञापन गर्ने निर्णय, मिति २०७९/१२/१२ निर्णय नम्बर २० बमोजिम रिक्त रहेको १ जना अ.हे.ब. र ३ जना अ.न.मि. पदमा विज्ञापन गर्ने निर्णय साथै गाउँपालिका अर्न्तगतका स्वास्थ्य चौकीहरू, सर्पदशं उपचार केन्द्र तथा गढवा स्वास्थ्य चौकीमा संचालित ईमरजेन्सी सेवामा कामकाज गर्नका लागि २ जना एम.बि.बि.एस डक्टर, मेडिकल अधिकृत पदमा सेवा करारमा पदपूर्ति गर्नका लागि राष्ट्रिय दैनिक स्तरको पत्रपत्रिकामा विज्ञापन गर्ने निर्णय गरियो ।

CamScanner

तपशिल :

| क्र.सं. | पद | आवश्यक संख्या | कैफियत |
|---|---|---|---|
| १ | मेडिकल अधिकृत | २ | |
| २ | अ.न.मि. | ३ | |
| ३ | अ.हे.ब. | ११ | |
| ४ | का.स. | ४ | |

प्रमुख प्रशासकीय अधिकृत

**प्रस्ताव नम्बर ११. : सार्वजनिक साझा सरोकारको विषयमा छिमेकी पालिकाहरूसँग अर्न्तपालिका समन्वय बैठकको आयोजना सम्बन्धमा सम्बन्धमा ।**

**निर्णय नम्बर ११ :** यस गढवा गाउँपालिकाको सिमानामा पर्ने राप्ती गाउँपालिका, लमही नगरपालिका, राजपुर गाउँपालिका र यस गाउँपालिकासँग सम्बन्धित विपद व्यवस्थापन अर्न्तगत सर्पदंश उपचार केन्द्रको व्यवस्थापन, दमकल सेवाको व्यवस्थापन, विपदका अन्य घटनाहरूमा मिलेर सामना गर्ने सम्बन्धमा साथै नदिजन्य पदार्थको उत्खनन् तथा विक्रि कार्यमा आईपर्ने नदि सिमाना विबाद समाधान साथै अन्य केही रचनात्मक साझेदारी क्रियाकलापहरूको सम्बन्धमा अर्न्तपालिका समन्वय बैठक बस्नुपर्ने आवश्यक्ता महसुस भएकोले सो को लागि आवश्यक्ता र विषयबस्तु अनुसार एक एक गरि वा एकमुष्ट रूपमा समय समयमा अर्न्तपालिका समन्वय बैठक बस्ने साथै चाँडै नै एउटा बैठकको आयोजना गरि यस पालिकामा बैठक बस्न आउने निम्तो दिन पत्राचार गर्ने निर्णय गरियो ।

**प्रस्ताव नम्बर १२. : मेड्पा कार्यक्रम अर्न्तगत टायल लगाउने तालिमका लागि अपुग हुने रू १,२०,००० रूपैया युवा लक्षियत प्रविधि हस्तान्तरण कार्यक्रमबाट व्ययभार पर्नेगरि संचालन गर्ने सम्बन्धमा ।**

**निर्णय नम्बर १२ :** यस गढवा गाउँपालिका, चालु अ.व. २०७९/०८० का लागि गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम अर्न्तगत बजेट विभाजन गरि सिप विकास तालिम अर्न्तगत युवाहरूका लागि टायल लगाउने तालिम शीर्षकमा रू २,८०,०००।- कायम गरिएकोमा उक्त तालिम संचालन गर्न लाग्ने खर्च अपुग हुने देखिएकोले चालु आ.व. कै गाउँपालिकास्तरिय कार्यक्रम अर्न्तगत शीर्षक नम्बर ४६ मा युवा स्वरोजगार : युवा स्वरोजगार सम्बन्धी कार्यक्रममा विनियोजित ८,५०,०००।- मध्येबाट व्ययभार पर्नेगरि कार्यक्रम कार्यान्वय गर्ने निर्णय गरियो ।

**प्रस्ताव नम्बर १३. : चालु आ.व को मिति २०७९/१२/२२ गतेसम्म भएगरेको खर्चको समिक्षा सम्बन्धमा ।**

**निर्णय नम्बर १३ :** यस गढवा गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय र अर्न्तगतका वडा कार्यालयहरू, स्वास्थ्य संस्थाहरूले चालु आ.व. २०७९/०८० मा हालसम्म गरेको वित्तिय प्रगति विवरण सम्बन्धमा गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत ज्यू ले पेश गरेको हाल सम्मको प्रगति विवरण उपर छलफल तथा समिक्षा गरियो ।

CamScanner

नेपाल

**प्रस्ताव नम्बर १४ : भुक्तानी चेकलिस्ट संशोधन सम्बन्धमा** प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नम्बर १४ :** यस गढवा गाउँपालिका, गाउँकार्यपालिकाको २०७९/०७/२४ गतेको बैठकको निर्णयानुसार स्वीकृत गरेको योजना तथा कार्यक्रम सम्पन्न गरिसकेपश्चात वडा कार्यालयबाट सुरु भई गाउँपालिकाका कर्मचारी तथा जनप्रतिनिधिहरूले विभिन्न चरणमा भर्नुपर्ने भुक्तानी चेकलिस्टमा केही संशोधन गरि तपशिल बमोजिम कायम गर्ने निर्णय गरियो ।

**तपशिल :**

गढवा गाँउपालिका
गाँउ कार्यपालिकाको कार्यालय
गढवा दाङ्ग,
लुम्बिनी प्रदेश, नेपाल

**योजना/कार्यक्रम भुक्तानी चेक लिष्ट/भुक्तानी आदेश**

योजनाको नाम :
योजना संचालन भएको स्थान :
कुल लागत अनुमान/कन्टेन्जेन्सी बाहेक :
जम्मा भएको कार्यको लागत अनुमान :
उपभोक्ता समितिको नाम :
निर्माण व्यवसायीको नाम :
उपभोक्ता समिति अध्यक्ष/ठेकेदारको नाम : मोवाईल नं

| सि.न. | विवरण | फाईलमा संलग्न कागजातको आधारमा | | पुष्टयाईको लागि कुन कुन कागजातहरू संलग्न छन् |
|---|---|---|---|---|
| | | छ | छैन | |
| १ | संचालन हुने योजना गाँउ सभाबाट स्वीकृत भएको छ/छैन ? | | | |
| २ | सम्बन्धित लाभग्राहीहरूको आमभेला बाट उपभोक्ता समिति गठन भएको छ/छैन ? | | | |
| ३ | गठित उपभोक्ता समिति र गाँउपालिका बीच सम्झौता/कार्यादेश भएको छ /छैन ? | | | |
| ४ | योजना सम्झौता/कार्यदेश मिति देखि कार्य सम्पन्न अवधिको छ /छैन ? | | | |
| ५ | कार्य प्रारम्भ गर्नु पुर्व अवस्थाको योजना संचालन स्थलको फोटोहरू छ/छैन ? | | | |
| ६ | लागत अनुमान स्वीकृत रहेको छ/छैन ? | | | |
| ७ | योजना संचालन स्थलमा सर्वसाधरणको जानकारीको लागि होर्डिङ बोर्ड राखेको छ/छैन ? | | | |

| | | | | |
|---|---|---|---|---|
| ८ | योजनाको कार्य भैरहेको अवस्थाको फोटोहरू संलग्न छ/छैन ? | | | |
| ९ | योजना सम्पन्न भएपछिको अवस्थाको फोटोहरू संलग्न छ/छैन ? | | | |
| १० | योजना सम्पन्न भएपछि उपभोक्ता समिति मार्फत खर्च सार्वजनिकीकरणको लागि सामाजिक परीक्षण गरीएको छ/छैन ? | | | |
| ११ | उपभोक्ता समितिको कार्य सम्पन्न भएको निर्णय प्रतिलिपी छ/छैन ? | | | |
| १२ | वडा स्तरीय, गाँउ स्तरीय अनुगमन समिति बाट अनुगमन गरिएको निर्णय प्रतिलिपी छ/छैन ? | | | |
| १३ | अनुसुची फाराम नं.३,४,६ छ/छैन ? | | | |
| १४ | प्राविधिकबाट संचालित योजनाको स्थलगत नाप जाँच भई कार्य सम्पन्न प्रतिवेदन तयार भएको छ/छैन ? | | | |
| १५ | उपभोक्ता समितिले कार्य गर्दा भएको सम्पुर्ण खर्चको आधारमा भुक्तानीको लागि पेश भएको विल भरपाई, डोर हाजिर आदिको कुल जोड रकम रू .............................. | | | |

उपभोक्ता समिति गठन डुप्लिकेशन छैन र निर्माण कार्य स्थलगत हेर्दा सम्पन्न देखिन्छ ।

.......................
वडा सचिव

माथि उल्लेखित स्थलगत अनुगमन तथा कागजातको आधारमा भुक्तानीको लागि पेश गर्दछु ।

.......................
योजना तथा अनुगमन शाखा
सदस्य सचिब

| | | | | |
|---|---|---|---|---|
| १६ | संचालित योजनाको प्राविधिकबाट स्थलगत नाप जाँच गर्दा लागत इष्टीमेट बमोजिम काम भएको छ/छैन ? | | | |
| १७ | प्राविधिक शाखाको राय : | | | |

संलग्न स्थलगत अनुगमन तथा कागजात, प्राविधिक नाप र कार्य सम्पन्न प्रतिवेदन बमोजिम भुक्तानीको लागि सिफारिस गर्दछु ।

............................
वडा स्तरको प्राविधिक

..................................
इन्जिनियर
प्राविधिक शाखा

CamScanner

१८. स्थलगत अनुगमन गर्दा कार्य सम्पन्न भएको र सम्पन्न भएको कार्य सन्तोषजनक रहेकोले भुक्तानीको लागि सिफारिस गर्दछु ।

.........................
संयोजक
(अनुगमन समिति)

योजना शाखाबाट पेश भई प्राविधिक शाखा तथा लेखा शाखा र अनुगमन समितिको सिफारिसको आधारमा भुक्तानी हुन मनासिब देखिन्छ ।

......................................... .........................
लेखा अधिकृत प्रमुख प्रशासकीय अधिकृत

**प्रस्ताव नम्बर १५ : सुरक्षित आवास गृह निर्माणका लागि स्थान छनौट सम्बन्धमा ।**

**निर्णय नम्बर १५ :** यस गढवा गाउँपालिकाको चालु आ.व. मा विनियोजित योजना तथा कार्यक्रम अन्तर्गत हिंसा प्रभावित महिला तथा किशोरीहरूका लागि सुरक्षित आश्रयस्थल/भवन निर्माण शीर्षकमा विनियोजित रू ११ लाख ५० हजार रूपैयाको भवन निर्माण कार्य यस गढवा गाउँकार्यपालिकाको परिसर भित्रै निर्माण गर्ने निर्णय गरियो ।

**प्रस्ताव नम्बर १६ : भूमि सम्बन्धी १ जना कार्यक्रम संयोजक सेवा करारमा नियुक्ती गर्ने सम्बन्धमा ।**

**निर्णय नम्बर १६ :** यस गढवा गाउँपालिकाको राष्ट्रिय भूमि आयोगको कार्यक्रम अनुसार भूमिहिन सुकुम्बासी, भूमिहिन दलित, अव्यवस्थित बसोबासीले भोगचलन गरेको जग्गाको अभिलेख संकलन कार्य भईसकेको अवस्थामा निजहरूले भोगचलन गरेको जग्गाको लगत संकलन गरि अभिलेख राख्ने, जग्गा नापाजाँच गर्ने, जिल्ला तथा केन्द्रीय आयोगसँग सम्पर्क र समन्वय गर्ने, आवश्यक निर्णयार्थ र कार्यार्थ गाउँकार्यपालिकालाई सूचित गर्नेगरी समग्र भूमि सम्बन्धी समस्या समाधानका लागि कार्यक्रम संयोजक पदमा कामकाज गर्नका लागि एक जना अधिकृत स्तरको कर्मचारी सेवा करारमा पदपूर्ति गर्ने निर्णय गरियो ।

**प्रस्ताव नम्बर १७ : सशस्त्र प्रहरी भालुबाङ्गले पेश गरेको विभिन्न सामाग्रीको बिल बमोजिमको भुक्तानी सम्बन्धमा ।**

**निर्णय नम्बर १७ :** सशस्त्र प्रहरी बल नेपाल, नं. २९ गढा हे.क्वा. ज्वालामाई दाङ्गको च.नं. ३३२, मिति २०७९/१२/१४ गतेको बिल भुक्तानी गरिदिने सम्बन्धमा विषयको प्राप्त पत्रानुसार उक्त गणमा प्रहरी जवानहरूको खाना पकाउने र खाने मेश भवन निर्माण प्रयोजनका लागि आवश्यक पर्ने निर्माण सामाग्रीको खरिद गरिएको आचार्य ईन्टरप्राईजेजको मिति २०७९/१२/१३ गतेको रकम भ्याट सहित रू १,५०,०००।८३ (एक लाख पचास हजार रूपैया त्रियासी पैशा मात्र) को बिल पेश भएकोमा सोही बिल बमोजिमको रकम आवश्यक प्रक्रिया पुर्‍याएर भुक्तानी दिने निर्णय गरियो ।

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

CamScanner

**प्रस्ताव नम्बर १८ :** १ नम्बर वडा कार्यालयको छत हावा हुरीले उडाई क्षति भएकोमा सो को मर्मत सम्भार गरेको खर्चको भुक्तानी सम्बन्धमा ।

**निर्णय नम्बर १८ :** यस गढवा गाउँपालिका अर्न्तगत वडा नम्बर १ को वडा कार्यालयको भवनको छाना मिति २०७९/०१/३० गते आएको हावाहुरीले उडाई पर्खाल समेत भत्केको हुँदा मिति २०७९ मंसिर २७ गते वडा कार्यालयमा वडा समितिको बैठकले मर्मत सम्भार गर्ने निर्णय गरि उक्त मर्मत सम्भार कार्य सम्पन्न समेत भईसकेकोले सो को भुक्तानी गाउँपालिकाको विपद व्यवस्थापन कोषबाट व्ययभार पर्ने गरि रू २१,७८६।६३ ( एक्काईस हजार सात सय छयासी रूपैया त्रिसठ्ठी पैशा वडा सचिव श्री डोर बहादुर रोका मगरको नाममा भुक्तानी दिने निर्णय गरियो ।

**प्रस्ताव नम्बर १९ :** २ नम्बर वडामा बाटो बिस्तारको क्रममा बाटोमा पर्ने केही थान रूख कटान गरेको खर्चको भुक्तानी सम्बन्धमा ।

**निर्णय नम्बर १९ :** यस गढवा गाउँपालिका अर्न्तगत वडा नम्बर २ को च.नं. १०१९, मिति २०७९/११/२८ गतेको सिफारिस बमोजिम वडा नम्बर २ महदेवामा रहेको खौराहा खोलामा बन्दै गरेको पुल संरक्षणको लागि निर्माण भईरहेको तटबन्धको ड्यामममा परेका सिसौ र सिमल जातको १५ वटा रूख वडा समितिको निर्णय गरि कटान गरि हटाईएको बुझिएकोले रूख कटान गर्दा लागेको खर्च रकम रू १७,१२५।- (सत्र हजार एक सय पच्चिस रूपैया मात्र) वडा स्तरिय विपद तथा आकस्मिक खर्च शीर्षकबाट वडा सचिब श्री सुनिल चौधरीको नाममा भुक्तानी दिने निर्णय गरियो ।

**प्रस्ताव नम्बर २० :** नयाँ बाटो निर्माणको क्रममा वडा नम्बर ८ कोईलाबासमा तथा लमही कोईलाबास रोडमा पहिरो पन्छाउने तथा नाला सरसफाई गर्दा निस्कने ढुङ्गाको व्यवस्थापनका लागि जिल्ला विपद व्यवस्थापन समितिलाई पत्राचार गर्ने सम्बन्धमा ।

**निर्णय नम्बर २० :** यस गढवा गाउँपालिका वडा नं. ८ स्थित चालु आ.व. को योजना तथा कार्यक्रम अर्न्तगत नयाँ ट्र्याक निर्माण गर्ने कार्यका नयाँ ट्र्याक विस्तारका क्रममा निस्कने ढुङ्गाहरू तथा लमही कोईलाबास सडक खण्डमा वर्षेनी आउने पहिरोमा माटो तथा ढुङ्गाले नाला तथा सडकको क्षेत्र समेत अबरूद्ध हुने समस्या रँ नयाँ सडक निर्माणका क्रममा निस्कने ढुङ्गाको व्यवस्थापन तथा पहिरो पन्छाउदा तथा पुरिएको नाला सफाई गर्दा निस्कने ढुङ्गाको व्यवस्थापन सन्दर्भमा आवश्यक निर्णयार्थ जिल्ला विपद व्यवस्थापन समितिलाई पत्राचार गर्ने निर्णय गरियो ।

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

CamScanner

**प्रस्ताव नम्बर २१ : विविध विषय सम्बन्धमा ।**

**निर्णय नम्बर २१ :** यस गढवा गाउँकार्यपालिकाको मिति २०७९/०९/०३ गतेको बैठकको निर्णय नम्बर १६ बमोजिम नदिजन्य पदार्थको अबैध डम्पिङहरूको जफत कार्यमा श्रमिकहरू प्रयोग गर्दा नाम र ठेगाना दोहोरिन गई प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत यस गढवा गाउँपालिकाको रोजगार सेवा केन्द्रमा सुचिकृत नभएको केही श्रमिकहरू समेत उक्त कार्यमा कामकाजमा खटाईएकोले प्रधानमन्त्री स्वरोजगार कार्यक्रमबाट भुक्तानी हुन नसक्ने श्रमिकहरूको हकमा निजलाई सोही दरमा यस गढवा गाउँपालिकाको विपद व्यवस्थापन कोषबाट व्ययभार पर्नेगरि भुक्तानी दिने निर्णय गरिएकोमा २ नम्बर वडा कार्यालयको मिति २०७९/११/०२ को सिफारिस बमोजिम १० जना श्रमिकको मंसिर १६ गतेदेखि २५ गतेसम्मको डोरहाजिरीको आधारमा निजहरूको दैनिक रू ६०० का दरले हुन आउने पारिश्रमिक रू ५५,९६९।- (पचपन्न हजार नौ सय उनान्सत्तरी रूपैया ) विपद व्यवस्थापन कोषबाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नम्बर २२ :** गढवा गाउँपालिका अन्तर्गत वडा नम्बर ४ र ५ स्थित निर्माणाधिन उठैया खज्रौट कक्रहवा जोड्ने सडकको नियमित रेखदेख तथा प्राविधिक रूपमा निगरानी कार्य गर्नका लागि गढवा गाउँपालिकाको सहायकस्तर पाँचौ तहको मासिक तलब सुबिधा बमोजिम सम्बन्धीत योजनाको कन्टीन्जेन्सीबाट भुक्तानी दिनेगरि दैनिक ज्यालादारीमा प्राविधिक खटाउने सम्बन्धमा दिने निर्णय गरियो ।

**निर्णय नम्बर २३ :** गढवा गाउँपालिका वडा नम्बर ३ स्थित संचालित गोबरडिहा आयुर्वेदिक औषधालयका लागि लुम्बिनी प्रदेश सरकारको स्वास्थ्य मन्त्रालय अन्तर्गत स्वास्थ्य निर्देशनालयको चालु आ.व. २०७९/०८० को बजेटमा भवन निर्माण शीर्षकमा ५० लाख रूपैया विनियोजन भएको र उक्त विनियोजित रकम ८० प्रतिशत कायम हुनेगरि योजनाको कुल लागतको बाँकी २० प्रतिशत हुन आउने रकम (रू १२,८६,८२६।१२ अक्षरेपी बाह्र लाख छयासी हजार आठ सय छब्बिस रूपैया बाह्र पैश) यस गढवा गाउँपालिकाको चालु आ.व. को समपुरक कोषबाट व्यहोर्ने गरि साझेदारीमा योजना कार्यान्वय गर्ने सम्झौता भएकोमा उक्त भवन निर्माण कार्य उपभोक्ता समितिबाट कार्यान्वयन गराउने निर्णय गरियो ।

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

CamScanner